स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक ।

बागमती प्रदेश, नेपाल

पत्र संः २०८०/८१

चलानी नंः

स्थानीय सरकार हेलम्बु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय किउल, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

## आवेदन/ प्रस्ताव आव्हान सम्बन्धि सूचना

सूचना प्रकाशित मितिः २०८०/११/१४ गते

हेलम्बु गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रमहरु ५०% लागत साझेदारीमा सञ्चालन गर्न यस पालिकाभित्रका ईच्छुक कृषक, कृषि फर्म, कृषक समूह, सहकारीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८०/११/२८ गते) कार्यालय समय भित्र आइपुग्ने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी हेलम्बु गाउँपालिकाको कृषि विकास शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिलः**

| क्र.स. | कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १. | ५०% अनुदानमा मौरी सहितको घार वितरण र अभिमुखिकरण कार्यक्रम | कार्यक्रम कार्यविधि बमोजिम संचालन गरिनेछ। |
| २. | ५०% अनुदानमा तरकारी खेतीका लागि मल्चिङ प्लाष्टिक रोल वितरण कार्यक्रम | |
| ३. | अदुवा र बेसारको बीउ वितरण कार्यक्रम | कम्तिमा ५ रोपनी जग्गामा खेति गर्नुपर्नेछ। |

**आवश्यक कागजातहरु :**

- कार्यक्रम मागको निवेदन,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- आवेदक संस्था दर्ता/नविकरण प्रमाणपत्र, PAN दर्ता र पछिल्लो आ.व.को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि,
- समूह र सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि,
- प्रतिबद्धता पत्र,
- अदुवा बेसार र तरकारी खेतीमा मल्चिङ प्रयोगको हकमा जग्गाको लालपुर्जा वा करार सम्झौताको प्रतिलिपि,
- आवेदक व्यक्तिको नागरिकताको प्रतिलिपि।

**(नोटः मल्चिङ्गमा तरकारी खेतीको हकमा न्यूनतम १ रोपनी जग्गा र मौरीपालनको हकमा न्यूनतम २ घार पालन गरेको हुनुपर्नेछ।)**

...........................

राजुभाइ श्रेष्ठ

प्रमुख प्रशासकिय अधिकृत

(थप जानकारीको लागि सम्पर्कः ९८४१९६७२००, ९८६०१६८१२०, ९८४३५३७८५०)

*E-mail: helamburm@gmail.com, Website: www.helambumun.gov.np*